मिति: २०७९।१०।२४ , बैठक संख्या - ०९

आज मिति २०७९।१०।२४ गते मंगलवारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०७९/८० को नवौं गाउँ कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**<u>उपस्थिति :</u>**

१. **अध्यक्ष** : श्री समर बहादुर अधिकारी

...........................................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई

..............................................................................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन

...............................................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या

............................................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ

.......................................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी

....................................................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ

.........................................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ

.....................................................................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु

...........................................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती

.......................................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई

.............................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मग्राती

.......................................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई

.....................................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया

............................................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा

.......................................................................................

१६. **सदस्य सचिव** श्री बिक्रम लिम्बु

..............................................................................................

१७. कार्यालय सहयोगी श्री बजिन्द्र पुरी

....................................................................................................

मिति: २०७९।१०।२४ , बैठक संख्या - ०९

**<u>प्रस्तावहरु:-</u>**

१. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको नामावली विवरण पठाउने सम्बन्धमा ।
२. व्यवसाय कर संकलन सम्बन्धमा ।
३. राष्ट्रिय नवीकरणीय उर्जाको बजेट कार्यान्वयन सम्बन्धमा ।
४. स्थानीय एफ एम रेडियोहरुकासँग सूचना सम्प्रेषणका लागि सम्झौता सम्बन्धमा ।
५. विबिध समसामयिक ।

मिति: २०७९।१०।२४ , बैठक संख्या - ०९

**निर्णय नं. - १**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ३ बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि हिलिहाङ गाउँपालिकाको सबै वडाहरु मार्फत लगत संकलन तथा प्रमाणीकरण भई प्रणालीमा प्रविष्टि भईसकेका निम्नानुसारका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको नामावली स्विकृत गरी जिल्ला समितिलाई सिफारिस सहित नामावली विवरण पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका क्षेत्रभित्र व्यवसाय दर्ता तथा अनुमति बिना अनाधिकृत व्यक्ति तथा व्यापारीहरुले प्रवेश गरी मुनाफा आर्जन गर्ने व्यापारीहरुलाई गाउँपालिकाले तोके बमोजिमको कर लिएर मात्र व्यापार व्यवसाय गर्ने अनुमति प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. - ३**

नवीकरणीय उर्जा प्रविधि जडान (बायोग्याँस/विधुतीय चुलो/सुधारिएको चुल्हो/सौर्य उर्जा) - कार्यक्रमका लागि यस गाउँपालिकालाई सशर्त पुँजीगत अनुदानका रुपमा प्राप्त रु ८,००,००० (अक्षरेपी रु आठ लाख) बजेटलाई सौर्य उर्जा प्रयोजनका लागि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो । गाउँपालिकाको क्षेत्रभित्र शान्ति सुरक्षा कायम गर्न तथा आपराधिक क्रियाकलापहरुलाई न्यूनीकरण गर्न देहायनुसारका क्षेत्रहरुमा प्लाण्ट जडान गर्ने निर्णय समेत गरियो ।

१. सल्लेरी बजार वडा नं ७
२. जोरपोखरी बजार वडा नं ६
३. गोपेटार बजार वडा नं ३
४. भालुचोक बजार वडा नं १
५. सिंहपुर बजार वडा नं २
६. काबेली बजार वडा नं २
७. गाउँपालिका केन्द्र वडा नं ४
८. अमरपुर बजार वडा नं १
९. जोरपोखरी चौकी वडा नं ५

**निर्णय नं. - ४**

हिलिहाङ गाउँपालिकाले आ व २०७९/८० मा स्थानीय एफ एम रेडियो/सूचना सन्देश प्रशारण कार्यक्रम शीर्षकमा विनियोजित रकम रु ५००००० (रु पाँच लाख) अवण्डा

रकमलाई देहायनुसार विनियोजन गरी तत रेडियो एफ एम हरुसँग सम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो ।
(क) मितेरी एफ एम - रु ७५०००
(ख) रेडियो दिव्यवाणी - रु ५००००
(ग) सुम्हात्लुङ एफ एम - रु ५००००
(घ) ईगल एफ एम - रु ५००००
(ङ) बि एस सी एफ एम - रु ५००००
(च) रेडियो तमोर - रु ५००००

**निर्णय नं. ५**
हिलिहाङ गाउँपालिकाको वडा नं ५ को वडा कार्यालय भवन निर्माण आयोजनाको लागि सम्झोता भएको निर्माण कम्पनी श्री सुरज निर्माण कम्पनीले अन्तिम भुक्तानीका लागि दिएको निवेदन बमोजिम सो भवनको अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन गरी दिएको अनुगमन प्रतिवेदन तथा प्राविधिक सम्पन्न प्रतिवेदन समेतका आधारमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६**
हिलिहाङ गाउँपालिकाको वडा नं ६ स्थित सञ्चालित किवा सल्लेरी छत्रगाउ खानेपानी आयोजना अवरुद्ध भई दैनिक खानेपानी आपूर्तिमा कठिनाई भएकोले वडाको सिफारिस तथा प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम उक्त खानेपानी आयोजनाको मर्मत संभारका लागि आवश्यक रु ९९९७७.१८ (अक्षरेपी रु उनान्सय हजार नौ सय सतहत्तर मात्र) गाउँपालिकाको आकष्मिक कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।